स्थानीय सरकार

# ईन्द्रावती गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं. : ०८२/०८३
च.नं.

मिति : २०८२।१२।२५

श्री सम्वन्धित आधारभूत / माध्यमिक विद्यालय सबै

ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक ।

विषय : ग्रेड वृद्धि परीक्षा सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाद्धारा मिति २०८२।१२।१२ देखि २०८२।१२।२० गते सम्म सञ्चालन गरिएको शैक्षिक सत्र २०८२ को आधारभूत शिक्षा उर्तीण परीक्षा ( कक्षा -८) को नतिजा आधारभूत शिक्षा उर्तीण परीक्षा समितिको मिति २०८२।१२।२५ गतेको निर्णय अनुसार प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। उक्त समितिको मिति २०८२।१२।२५ गतेको निर्णय अनुसार अधिकतम तीन वटा विषय सम्ममा तोकिएको ग्रेड प्राप्त गर्न नसकेको अवर्गीकृत (Not Graded) विद्यार्थीको हकमा ग्रेड वृद्धि परीक्षा सञ्चालन गर्ने निर्णय भएकोले तहाँ विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीले ग्रेड वृद्धि परीक्षामा सहभागि हुन चाहेमा मिति २०८३।१।५ गते अगावै ग्रेड वृद्धि परीक्षा सञ्चालन र त्यसको उत्तरपुस्तिका समेत परीक्षण गरि ७ दिन भित्र गाउँपालिका शिक्षा शाखामा नतिजा विवरण पेश गर्नुहुन अनुरोध छ। यसरी परीक्षामा सहभागिहुने विद्यार्थीको लागि विद्यालयले तोकिएको समय भित्र परीक्षा तालिका प्रकाशन गरि परीक्षा सञ्चालन गर्ने जिम्मेवारी सम्वन्धित विद्यालयलाइ प्रदान गरिएको छ । ग्रेड वृद्धि परीक्षामा सहभागि हुनसक्ने विद्यार्थीको विवरण (ग्रेड लेजर) विद्यालयको इमिसबाट हेर्न सकिनेछ। उल्लेखित तीन वटा भन्दा वढि विषयमा निर्देशन विपरीत परीक्षार्थीहरुलाई सहभागि गराएमा सम्वन्धित विद्यालय नै जवाफदेहि हुनेछ ।

मिन बहादुर थापा
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

बोधार्थ

श्रीमान् अध्यक्ष ज्यू ईन्द्रावती गाउँपालिका,सिन्धुपाल्चोक ।

श्री आधारभूत शिक्षा उर्तीण परीक्षा समिति : जानकारी तथा ग्रेड वृद्धि परीक्षाको अनुगमनका लागि ।

श्री सूचना तथा प्रविधि शाखा : सूचना वेभसाइटमा अपलोड गर्नुहुन ।



CamScanner